Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.सं.: २०७९/२०८०
च.नं.:

## सेवा करार सम्बन्धी सूचना
## प्रथम पटक सूचना प्रकाशन मिति २०७९/०५/१७

यस नगरपालिकाको लागि देहायका पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | पद | न्यूनतम शैक्षिक योग्यता | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०२/०७९-०८० | पशु चिकित्सक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उतीर्ण गरेको र परिषद्मा दर्ता भएको | १ |
| २ | ०३/०७९-०८० | कृषि स्नातक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उतीर्ण भएको | १ |

१. दरखास्त दिने स्थानः बेसीशहर नगरपालिका।

२. दरखास्त दिने अन्तिम मिति :२०७९/०५/३१ गते कार्यालय समयभित्र।

३.उम्मेदवारको उमेरको हदः सूचना प्रकाशन भएको दिनसम्म २१ बर्ष पूरा भइ पुरुषको हकमा ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको।

४. दरखास्त दस्तुर : १०००|– (एक हजार रुपैया मात्र)

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता।

६. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु : निवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपिहरु

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- अनुभव भए सोको कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट।

८. अन्तवार्ता मितिः– सम्पर्क मितिमा तोकिने छ।

९. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम हुनेछ। (आवेदनको ढाँचा, कार्यविवरण, लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी नगरपालिकाको वेवसाइट www.besishaharmun.gov.np तथा नगरपालिकाको कार्यालयमा उपलब्ध हुनेछ।)

**द्रष्टव्य-**

दरखास्त दिने अन्तिम मिति तथा अन्तरवार्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त तथा अन्तर्वार्ता लिइने छ।

इन्द्रनाथ कँडेल
प्रमुख प्रशासकीय अधिकृत